# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

## खण्ड ६, शनिश्चरे, श्रावण १, २०७९, अतिरिक्ताङ्क ५


### भाग १

### अर्जुनधारा नगरपालिका झापाको सूचना

अर्जुनधारा नगरपालिकाको नगर सभाको नियमित एघारौं अधिवेशनबाट पारित तल लेखिए बमोजिमको अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन पहिलो संशोधन ऐन, २०७९ सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

<u>अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र संचालन संम्बन्धी कानुनलाई संसोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>** : अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र कार्य संचालन संम्बन्धी कानुनलाई संसोधन गर्न वान्छनिय भएकोले,

अर्जुनधारा नगरपालिकाको एघारौं नगर सभाले यो ऐन बनाएको छ।

**अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र कार्यसंचालन संम्बन्धी कार्यविधि,२०७८ को**

**<u>प्रस्तावनामा</u>** - अर्जुनधारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्वन्धी व्यवस्था गर्न बनेको ऐन,२०८७ को दफा ८७ को सट्टा दफा ९८ ले दिएको अधिकार प्रयोग गरी अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र कार्य संचालन कार्यविधि, २०७८ जारी गरेको छ ।

१. **दफा २** परिभाषाको खण्ड "ढ" संयोजक भन्नाले वडास्तरीय मेलमिलाप केन्द्रको अभिलेख व्यवस्थापनका लागी मेलमिलापकेन्द्र संचालन भएको वडाको सचिव वा निजले तोकेको कर्मचारीलाई सम्झिनु पर्दछ भन्ने व्यवस्था थप गरीएको छ ।

२. **दफा १०** को उपदफा (३) मा विवादका पहिलो र दोस्रो पक्षले मेलमिलापकर्ता छनोट गरे पश्चात **संयोजकले** छानिएका दुईजना मेलमिलापकर्तासँगको समन्वय गरी मेलमिलापकर्ताको सूचीमा नाम उल्लेख भएका अन्य मेलमिलापकर्ता मध्येबाट तेस्रो मेलमिलापकर्ताको छनौट

गर्नु पर्ने भन्नेमा  न्यायिक समितिको सचिवालयले न्यायिक समितिसदस्यसंग समन्वयगरी छानिएका दुईजना मेलमिलापकर्तासँग पुनः समन्वय गरी मेलमिलापकर्ताको सूचीमा नाम उल्लेख भएका अन्य मेलमिलापकर्ता मध्येबाट तेस्रो मेलमिलापकर्ताको छनौट गर्नु पर्नेछ भन्ने व्यवस्था राखिएको छ।

३. दफा १० को उपदफा (५) मा पक्ष विपक्षबाट छनौट गरीएका मेलमिलापकर्तालाई न्यायिक समितिको सचिवालयबाट अनुसुची "१३" वमोजिमको ढाँचामा मेलमिलापकर्ता छनौट फाराम भरी सम्वन्धित वडा मेलमिलापकेन्द्रमा पठाउने भन्ने व्यवस्था थप गरीएको छ।

४. दफा १८ को (ङ) मेलमिलापकर्तालाई मेलमिलापसत्र सम्म आउने जाने यातायात वापत रु. ७०० को सट्टा १०००/ एकहजार मात्र न्यायिक समितिको सचिवालयमार्फत निजहरूलाई उपलव्ध गराउने भन्ने व्यवस्था राखिएको छ।

५. **अनुसुची (१३)** मा मेलमिलापकर्ता छनौट फाराम थप गरीएको

अर्जुनधारा राजपत्र

**मेलमिलापकर्ता छनौट फाराम**

पहिलो पक्षले रोजेको मेलमिलापकर्ताको
नाम,थर, ठेगाना, सम्पर्क नं.

दोस्रो पक्षले रोजेको मेलमिलापकर्ताको
नाम,थर, ठेगाना, सम्पर्क नं.

**तेस्रो मेलमिलापकर्ताको**
नाम,थर,ठेगाना,सम्पर्क नं.

आज्ञाले,
गीताकुमारी राई
अर्जुनधारा नगरपालिका, नगर कार्यपालकाको
कार्यालयका प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र